हे अल्लाहका रसूल ! हामी जिहादलाई सर्वश्रेष्ठ कार्य मान्दछौँ, के हामीले जिहाद गरौँ त ?" उहाँले उत्तर दिनुभयो, "होइन, बरु (तिमीहरूका लागि) सर्वश्रेष्ठ जिहाद ‘हज मबरुर’ (स्वीकृत हज) हो।

उम्मुल-मुमिनीन आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छन् कि उनले नबी (सल्लल्लाहु अलैहि वसल्लम) सगँ सोधिन्, "हे अल्लाहका रसूल ! हामी जिहादलाई सर्वश्रेष्ठ कार्य मान्दछौँ, के हामीले जिहाद गरौँ त ?" उहाँले उत्तर दिनुभयो, "होइन, बरु (तिमीहरूका
लागि) सर्वश्रेष्ठ जिहाद ‘हज मबरुर’ (स्वीकृत हज) हो।"
[सही] [बुखारीले वर्णन गरेका छन्]

सहाबा (रजियल्लाहु अन्हुम) ले अल्लाहको निम्ति जिहाद गर्नु र शत्रुहरूसँग लड्नुलाई सबै भन्दा उत्तम कर्म मान्थे । त्यसैले आइशा (रजियल्लाहु अन्हा) ले नबी (सल्लल्लाहु अलैहि वसल्लम) सगँ जिहादमा भाग लिन अनुरोध गरिन्। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले महिलाहरूको लागि सबैभन्दा उत्तम जिहाद हज मबरुर हो भनेर मार्गदर्शन गर्नुभयो । कुर्आन र सुन्नत अनुसार गरिएको र पाप तथा पाखंडबाट मुक्त रहेको हजलाई; हज मबरुर भनिन्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/2759